THE STATE EDUCATION DEPARTMENT /
THE UNIVERSITY OF THE STATE OF NEW YORK / ALBANY, NY 12234

**Lissette Colon-Collins, Assistant Commissioner | Office of Bilingual Education and World Languages**

55 Hanson Place, Room 594
Brooklyn, New York 11217
Tel: 718-722-2445 Fax: 718-722-2459

89 Washington Avenue, Room 528EB
Albany, New York 12234
Tel: 518-474-8775 Fax: 518-474-7948

# न्यूयोर्क राज्यमा अङ्ग्रेजी भाषा शिक्षार्थीहरूका अभिभावकहरूको अधिकारपत्र

न्यूयोर्क राज्य शिक्षा विभाग (New York State Education Department) (NYSED) कमिस्नर नियमनहरूको भाग १५४ ले अङ्ग्रेजी भाषा शिक्षार्थीहरू (ELLs) को आमाबुवा/अभिभावकहरू मार्फत तपाईंलाई निम्न अधिकारहरू प्रदान गर्छ:

1. तपाईंका बालबालिकाहरूको आप्रवास स्थिति (जस्तै, तपाईंको परिवारको सदस्यहरू नागरीक, आप्रवासी वा बिना दस्तावेजको भएपनि) र तपाईं र तपाईंको बालबालिकाले बोल्ने भाषाको परवाह बिना नै तपाईं बस्ने ठाउँमा रहेको स्कूल जिल्लामा तपाईंका बालबालिकालाई नि:शुल्क सार्वजनिक शिक्षा प्राप्त गर्ने अधिकार।

2. तपाईंको बालबालिकाको आप्रवास स्थितिलाई प्रकट गर्न सक्ने जानकारी वा कागजी कार्यलाई उपलब्ध गराउन नभनीकन नै विद्यालयमा आफ्नो बच्चालाई भर्ना गर्ने अधिकार। तपाईंलाई सामाजिक सुरक्षा कार्ड वा नम्बर, आप्रवास भिसा वा भिसाको स्थिति वा नागरिकताको कागजात वा नागरिकताको स्थिति उपलब्ध गराउनको लागि आग्रह गरिने छैन।

3. संघीय कानून अन्तर्गत स्कूल जिल्लामा आलोचनात्मक अन्तरक्रियाहरूको लागि आफ्नो प्राथमिकताको भाषामा योग्य दोभाषे/अनुवादक राख्न पाउने अधिकार।

4. दर्जा स्तरमा एउटै मातृ/प्राथमिक भाषा बोल्ने २० वा सोभन्दा बढी विद्यार्थीहरू हुँदा आफ्नो बालबालिकालाई द्विभाषिक शिक्षा (BE) कार्यक्रममा राख्न पाउने अधिकार। [1]

5. तपाईंको बालबालिका अङ्ग्रेजी भाषा शिक्षार्थीहरू (ELLs) मा चयन भएको र द्विभाषिक वा नयाँ भाषाको रूपमा अङ्ग्रेजी (औपचारिक रूपमा अङ्ग्रेजीलाई दोस्रो भाषा भनिन्छ) कार्यक्रममा राखिने छ भन्ने कुरालाई अङ्ग्रेजी र आफ्नो प्राथमिकताको भाषामा लिखित सूचनाको रूपमा प्राप्त गर्ने अधिकार। [2]

6. आफ्नो स्कूल जिल्लाबाट प्रदान गरिने उच्च गुणस्तरीय अभिमुखीकरण सत्र जसले राज्यको मानदण्ड, जाँच र अङ्ग्रेजी भाषा शिक्षार्थीहरू (ELLs) का विद्यालय अपेक्षाहरू त्यस्तै गरी द्विभाषिक शिक्षा(Bilingual Education) र नयाँ भाषाको रूपमा अङ्ग्रेजी को कार्यक्रम लक्ष्य तथा आवश्यकताहरूमा केन्द्रित गर्ने उक्त सत्रमा सहभागी हुने अधिकार। यो अभिमुखीकरण सत्र अन्तिम विद्यालय कार्यक्रम स्थापन भन्दा अगाडि हुनुपर्छ र अनिवार्य रूपमा तपाईंको प्राथमिकताको भाषामा हुनुपर्छ।

7. उनीहरू द्विभाषिक शिक्षा कार्यक्रममा भएमा आफ्नो बालबालिकाको अङ्ग्रेजी भाषा विकासको बारेमा र साथै उनीहरूको मातृभाषा विकासको बारेमा जानकारी प्राप्त गर्ने अधिकार।

8. विद्यालय कर्मचारीसँग कम्तीमा पनि वर्षको एक पटक भेट्न पाउने अधिकार यसको साथै आफ्नो बालबालिकाको समग्र सिकाइ तथा भाषा विकासको प्रगतिको बारेमा छलफल गर्न अन्य साधारणतया आवश्यक बैठकहरूमा सहभागी हुन पाउने अधिकार।

9. भर्ना भएको १० दिन भित्र द्विभाषिक शिक्षा वा नयाँ भाषाको रूपमा अङ्ग्रेजी कार्यक्रममा आफ्नो बालबालिकालाई स्थापन गर्ने अधिकार तथा द्विभाषिक शिक्षा कार्यक्रमबाट बाहिर निकाल्न पाउने अधिकार। तपाईंको बच्चाले कम्तीमा पनि अनिवार्य रूपमा नयाँ भाषाको रूपमा अङ्ग्रेजी कार्यक्रमको निर्देशन प्राप्त गर्नुपर्छ।

10. तपाईंको बालबालिकाको मौलिक विद्यालयले द्विभाषिक शिक्षा कार्यक्रम उपलब्ध गराउँदैन भने तपाईंको जिल्लामा आफ्नो मातृभाषामा त्यस्ता कार्यक्रम उपलब्ध गराउने अर्को विद्यालयमा स्थानान्तर गर्न पाउने अधिकार।

11. स्नातकको लागि आवश्यक त्यस्ता कार्यक्रम तथा अन्य विद्यार्थीहरूलाई उपलब्ध सबै विद्यालय कार्यक्रमहरू सहित उपयुक्त उमेर तथा दर्जा स्तर अनुसार स्कूल जिल्लाले प्रस्ताव गरेका सबै कार्यक्रम तथा सेवाहरूमा तपाईंको बच्चाले समान पहुँच पाउने अधिकार।

12. तपाईंको बालबालिकाले सबै मूलभूत विषयवस्तुको निर्देश प्राप्त गर्ने र अङ्ग्रेजी भाषा र एउटै शैक्षिक स्तरमा अन्य सबै बालबालिकाले जस्तै पढाइ/भाषा कला, गणित, विज्ञान र सामाजिक अध्ययन लगायत अन्य विषयहरू सिक्न पाउने अधिकार। अङ्ग्रेजी भाषा शिक्षार्थी (ELL) सेवाहरू प्राप्त गर्न योग्य हुँदा मूलभूत विषयवस्तुको निर्देशन प्राप्त गर्ने क्षमतालाई सीमित गर्दैन।

13. तपाईंको बालबालिकालाई पाठ्यक्रमभन्दा बाहिरका क्रियाकलाप (विद्यालय पछिको क्लब, खेलकुद, इत्यादि) मा पूर्ण पहुँच प्राप्त गर्ने अधिकार। अङ्ग्रेजी भाषा शिक्षार्थी (ELL) सेवाहरू प्राप्त गर्न योग्य हुँदा पाठ्यक्रमभन्दा बाहिरका क्रियाकलापहरूमा भाग लिन पाउने क्षमतालाई सीमित गर्दैन।

14. तपाईंको बालबालिकालाई सहायता सेवाहरू (जस्तै, शैक्षिक मध्यवर्तन सेवाहरू) मा मिलाइएको स्कूल/जिल्लाले सबै विद्यार्थीहरूलाई प्रदान गर्ने कुनै मध्यवर्जन योजनाहरू प्राप्त गर्ने अधिकार।

15. तपाईंको बालबालिकालाई उनीहरूको अङ्ग्रेजी भाषाको प्रगतिलाई निर्धारण गर्न र न्यूयोर्क राज्य जाँचहरू सहित शैक्षिक जाँचमा तपाईंको बालबालिकाको कार्यसम्पादनको बारेमा जानकारी प्राप्त गर्न तपाईंको बालबालिकालाई वार्षिक रूपमा जाँच गर्न पाउने अधिकार।

16. तपाईंको बालबालिका अङ्ग्रेजी भाषा शिक्षार्थीहरू (ELLs) मा रहँदा द्विभाषिक शिक्षा वा नयाँ भाषाको रूपमा अङ्ग्रेजी कार्यक्रममा वर्ष-वर्षमा निरन्तर रूपमा भर्ना हुन पाउने अधिकार।

17. माथि उल्लेखित कुनै अधिकार उल्लंघन भएको खण्डमा द्विभाषिक शिक्षा र विश्व भाषाहरू को न्यूयोर्क राज्य शिक्षा विभागमा सम्पर्क गर्न पाउने अधिकार ।

कृपया **ELL Parent Hotline 1-800-469-8224** मा फोन गर्नुहोस् वा यसमा इमेल गर्नुहोस्: Nysparenthotline@nyu.edu

थप जानकारीका लागि, यसमा जानुहोस्: **www.p12.nysed.gov/biling**
वा यसमा पत्र लेख्नुहोस्:

New York State Education Department
Office of Bilingual Education & World Languages
55 Hanson Place, Room 594
Brooklyn, New York 11217

[1] न्यूयोर्क शहरमा, Aspira Consent Decree अनुसार, १५ वा थप दर्जा-स्तरका विद्यार्थीहरू दुई निकटस्थ ग्रेडहरूमा समान भाषा बोल्छन् भने K-8 दर्जाहरूमा BE कार्यक्रम आवश्यक हुन्छ। विद्यालयमा पर्याप्त संख्यामा योग्य विद्यार्थीहरू छैनन् तर तिनीहरू यसको जिल्ला भित्र छन् भने जिल्लाले BE कार्यक्रम उपलब्ध गराउनु पर्छ ।

[2] सबै अङ्ग्रेजी भाषा शिक्षार्थीहरू (ELLs) ले "नयाँ भाषाको रूपमा अङ्ग्रेजी" मार्फत उनीहरूको अङ्ग्रेजी सीपहरूको विकास गर्छन्। यसका अतिरिक्त, द्विभाषिक शिक्षा कार्यक्रम ले गृह भाषा कला लाई पनि समावेश गर्छ। द्विभाषिक शिक्षा कार्यक्रम मा मूलभूत विषयवस्तु क्षेत्रका पाठ्यक्रमहरू (जस्तै गणित, विज्ञान तथा सामाजिक अध्ययन) *दुवै* अङ्ग्रेजी र उनीहरूको मातृभाषामा प्रस्ताव गराएको छ। द्विभाषिक शिक्षा कार्यक्रममा नभएकाहरूले *अङ्ग्रेजीमा* मूलभूत सामग्री क्षेत्र पाठ्यक्रमहरू लिन्छन्।